जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २५७ २०७९ साल जेठ ५ गते बिहीबार (19 May 2022 Thursday) मूल्य रु. ५/-

बालविवाह सामाजिक र कानूनी अपराध हो।

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : चार सय ८५ स्थानीय तहको... ३ पृष्ठमा : 'बजेटको प्राथमिकता कृषिको ... ३ पृष्ठमाअमेरिकाका एक करोड ३२ लाख...

# सप्तरीमा नतिजा आएको पाँच मध्ये काँग्रेस र एमाले दुई/दुई तथा जनमत एक पालिकामा निर्वाचित

## पाँच वटै पालिकाका निवर्तमान प्रमुख र अध्यक्ष पराजित


बिरेन्द्र माझी, प्रमुख (जनमत) हनुमाननगर कंकालिनी नगरपालिका


बिजय यादव, अध्यक्ष (काँग्रेस) तिरहुत गाउँपालिका


ओमप्रकाश मण्डल, अध्यक्ष (एमाले) राजगढ गाउँपालिका


दिनानाथ चौधरी, अध्यक्ष (एमाले) अग्निसाइर कृष्णासवरण गाउँपालिका


कृष्ण ढकाल, प्रमुख (काँग्रेस) सप्तकोशी नगरपालिका

**दैनिक समाचारदाता**
**राजविराज, ४ जेठ।**

स्थानीय तह निर्वाचनको जारी मतगणना अन्तर्गत बुधवार साँझ सम्म सप्तरीको १८ मध्ये ५ पालिकाको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ।

घोषित मतपरिणाम अनुसार नेपाली काँग्रेस र नेकपा एमालेका उम्मेदवार दुई/दुई पालिकामा तथा जनमत पार्टीले एक पालिकामा निर्वाचित भएका छन्।

जिल्लाको सप्तकोशी नगरपालिका र तिरहुत गाउँपालिका काँग्रेसको पक्षमा गएको छ भने अग्नीसाईर कृष्णासवरण गाउँपालिका र राजगढ गाउँपालिकाको अध्यक्ष पद एमालेका उम्मेदवारले जितेका छन्।

त्यस्तै पहिलो पटक निर्वाचनमा होमिएको जनमत पार्टीले हनुमाननगर कंकालिनी नगरपालिकाको प्रमुख पद बाजी मारेको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय राजविराजका अनुसार सप्तकोशी नगरपालिकाको प्रमुखमा काँग्रेसका कृष्ण ढकाल र उपप्रमुख रिता चौधरी निर्वाचित भएका छन्।

तिरहुत गाँउपालिकाको अध्यक्षमा काँग्रेसकै विजय कुमार यादव र विणा देवी यादव उपाध्यक्षमा निर्वाचित भएका छन्। अग्नीसाइर कृष्णासवरण गाउँपालिकाको अध्यक्षमा एमालेका दिनानाथ चौधरी तथा उपाध्यक्षमा काँग्रेसकी कल्पना चौधरी निर्वाचित भएकी छन। राजगढ गाउँपालिकाको अध्यक्षमा एमालेका ओम प्रकाश मण्डल तथा उपाध्यक्षमा जसपाकी रेणु मण्डल विजयी भएका छन्।

हनुमाननगर कंकालिनी नगरपालिकाको नगर प्रमुखमा जनमत पार्टीका विरेन्द्र माझी तथा उपप्रमुखमा जसपाकी सरिता यादवले चुनाव जितेकी छन्। सीके राउत नेतृत्वको जनमत पार्टीका उम्मेदवारले निवर्तमान प्रमुखलाई पराजित गर्दै सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाको प्रमुख पदमा निर्वाचत भएका हुन्।

सो पार्टीका उम्मेदवार बिरेन्द्र माझीले ६ हजार ४ सय ७ मत प्राप्त गर्दै प्रमुख पदमा निर्वाचित भएका हुन्। उनका प्रतिद्वन्द्वी जनता समाजवादी पार्टी (जसपा)का प्रमुख पदका उम्मेदवार शैलेशकुमार साहले ६ हजार २४६ मत प्राप्त गरेका छन्। साह निवर्तमान प्रमुख तथा सप्तरी निर्वाचन क्षेत्र नं १ (ख) को प्रदेश सभा सदस्य एवम् मधेश प्रदेशका समाजिक विकास मन्त्री नवलकिशोर साहको छोरा हुन्।

*बाँकी अन्तिम पृष्ठमा*

# राजविराजमा जसपा ७, लोसपा २ तथा एमाले, राप्रपा र नेकपा एसले १/१ वडामा निर्वाचित


शशि चौधरी, वडा अध्यक्ष, राविनपा ६


उदितनारायण यादव वडा अध्यक्ष, राविनपा ११


रामचन्द्र यादव, वडा अध्यक्ष, राविनपा १२


त्रिलोचननाथ चौधरी वडा अध्यक्ष, राविनपा १३

**दैनिक समाचारदाता**
**राजविराज, ४ जेठ।**

स्थानिय तह निर्वाचनको मतपरिणाम अनुसार सप्तरी सदरमुकाम राजविराजको १६ मध्ये जसपाले ७ वडामा जित हात पारेको छ। त्यस्तै लोसपा २, नेकपा एमाले, राप्रपा र नेकपा एसले १/१ वडामा जित निकालेको छ।

प्राप्त मतपरिणाम अनुसार

*बाँकी अन्तिम पृष्ठमा*



# चार सय ८५ स्थानीय तहको परिणाम सार्वजनिक : कांग्रेसको अग्रता, एमाले र माओवादी केन्द्र पछ्याउँदै

**प्रकाश सिलवाल**
काठमाडौँ, ४ जेठ (रासस)।

स्थानीय तह सदस्य निर्वाचन, २०७९ को जारी मतगणनाको परिणाम आउनेक्रम जारी छ। बुधबार साँझ ८ बजेसम्म निर्वाचन आयोगको प्रणालीमा प्रविष्टि भएअनुसार ४८५ स्थानीय तहको अन्तिम मत परिणाम सार्वजनिक भएको छ।

मुलुकभर ७५३ पालिकाका लागि ३५ हजार २२१ पद छन्। गत वैशाख ३० गते भएको निर्वाचनमा स्थगन भएका १७ जिल्लाका २८ स्थानीय तहका ४४ मतदानस्थल बाहेकका मत परिणाम प्राप्त भइरहेको छ। मतगणना भइरहेका नगरपालिकामध्ये प्रमुख पदमा नेपाली कांग्रेसले ६८ मा जीत हासिल गरी ७४ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले) ले ३८ स्थानमा जीत हासिल गरी ३९ स्थानमा अग्रता कायम गरेको छ।

यस्तै नेकपा (माओवादी केन्द्र)ले प्रमुख पदमा १४ स्थानमा जीत र नौ स्थानमा अग्रता कायम गरेको छ। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले सो पदमा तीन स्थानमा जीत र आठ स्थानमा अग्रता कायम गरेको छ। स्वतन्त्रसहित अन्यले सात स्थानमा विजय हासिल गरी २६ स्थानमा अग्रता कायम गरेका छन्।

मतगणना भइरहेका नगरपालिकामध्ये उपप्रमुख पदमा कांग्रेसले ५७ स्थानमा जीत हासिल गरी ४० स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले ४५ स्थानमा जीत हासिल गरी ६० स्थानमा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले उपप्रमुख पदमा २१ स्थानमा जीत र ११ स्थानमा अग्रता कायम गरेको छ भने एकीकृत समाजवादीले सो पदमा पाँच स्थानमा जीत र चारमा अग्रता कायम गरेको छ। अन्यले तीन स्थानमा विजय हासिल गरी २० स्थानमा अग्रता कायम गरेका छन्।

मतगणना भइरहेका गाउँपालिकाको अध्यक्ष पदमा कांग्रेसले १५० स्थानमा जीत हासिल गरी २९ मा अग्रता कायम गरेको छ। सो पदमा एमालेले ९९ स्थानमा जीत हासिल गरी २५ मा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले अध्यक्ष पदमा ८१ स्थानमा जीत र १० स्थानमा अग्रता कायम गरेको छ भने एकीकृत समाजवादीले १० स्थानमा जीत र १० स्थानमा अग्रता कायम गरेको छ। अन्यले १५ स्थानमा विजय हासिल गरी १२ मा अग्रता कायम गरेका छन्।

मतगणना भइरहेका गाउँपालिकाको उपाध्यक्ष पदमा कांग्रेसले १४५ स्थानमा जीत हासिल गरी ३४ मा अग्रता कायम गरेको छ। सो पदमा एमालेले ९७ स्थानमा जीत हासिल गरी २७ मा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले उपाध्यक्षमा ८१ स्थानमा जीत र सात स्थानमा अग्रता कायम गरेको छ। एकीकृत समाजवादीले १० स्थानमा जीत र सात स्थानमा अग्रता कायम गरेको छ। अन्यले १३ स्थानमा विजय हासिल गरी ११ स्थानमा अग्रता कायम गरेका छन्।

मतगणना भइरहेका स्थानीय तहका वडाध्यक्षमा कांग्रेसले दुई हजार ८० मा जीत हासिल गरी ६१ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले एक हजार ६०९ मा जीत हासिल गरी ७९ स्थानमा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले वडाध्यक्षमा ८७९ स्थानमा जीत र १५ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा १६९ स्थानमा जीत र १२ मा अग्रता कायम गरेको छ। स्वतन्त्रसहित अन्यले ४३७ स्थानमा विजय हासिल गरी १२ स्थानमा अग्रता कायम गरेका छन्।

महिला सदस्यमा कांग्रेसले दुई हजार ४६ मा जीत हासिल गरी ५९ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले एक हजार ७४५ स्थानमा जीत हासिल गरी ८३ मा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले महिला सदस्यमा ८१८ स्थानमा जीत र १५ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा १७० स्थानमा जीत र १२ स्थानमा अग्रता कायम गरेको छ। अन्यले ३९२ स्थानमा विजय हासिल गरी नौ स्थानमा अग्रता कायम गरेका छन्।

दलित महिला सदस्यमा कांग्रेसले एक हजार ९८२ मा जीत हासिल गरी ६३ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले एक हजार ७२७ स्थानमा जीत हासिल गरी ७९ स्थानमा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले दलित महिला सदस्यमा ८२५ स्थानमा जीत र १४ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा १६९ स्थानमा जित र १४ स्थानमा अग्रता कायम गरेको छ। अन्यले ३७९ स्थानमा विजय हासिल गरी सात स्थानमा अग्रता कायम गरेका छन्।

यस्तै वडा सदस्यमा कांग्रेसले चार हजार १११ मा जीत हासिल गरी ६६ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले तीन हजार ५४५ स्थानमा जीत हासिल गरी ८६ मा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले वडा सदस्यमा एक हजार ५१८ स्थानमा जीत र १५ मा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा ३३९ स्थानमा जित र १३ स्थानमा अग्रता कायम गरेको छ। स्वतन्त्रसहित अन्यले ८०४ स्थानमा विजय हासिल गरी पाँच स्थानमा अग्रता कायम गरेका छन्। विसं २०७४ मा पहिलो चरणमा भएको स्थानीय तहको निर्वाचनका आधारमा यही जेठ ५ गते स्थानीय सरकारका जनप्रतिनिधिको कार्यकाल सकिँदैछ।

## मतगणना कार्य थप प्रभावकारी बनाउन आयोगको निर्देशन

काठमाडौँ, ४ जेठ (रासस)।

निर्वाचन आयोगले मतगणना कार्य सुरु भएको बढीमा पाँच दिनभित्र मतगणना कार्य सम्पन्न गर्न-गराउन निर्देश गरेको छ।

मतगणना कार्यमा सानातिना विषयलाई ठूलो मुद्दा बनाइ विवाद बल्झाउने, गणना कार्य सम्पन्न भई मुचुल्का उठाएर अन्तिम परिणाम घोषणा गर्ने समयमा पुनः गणना गराउन माग गर्नेजस्ता समस्या खडा गर्ने, गणना गर्दै जाँदा मतगणनाको अन्तिम चरणमा पुग्दा झिनो मतान्तर देखिएमा सुरुदेखि नै पुनः मतगणना गराउन खोज्नेजस्ता कार्यबाट मतगणना यथा समयमा सम्पन्न गर्ने कार्यमा व्यवधान उत्पन्न हुने हुँदा त्यस प्रकारका व्यवहार प्रदर्शन नगर्न आयोगले आग्रह गरेको होछ।

आयोगका प्रवक्ता एवं सहसचिव शालिग्राम शर्मा पौडेलले बुधबार विज्ञप्ति जारी गरी नेपालको संविधानबमोजिम विभिन्न तहका निर्वाचनको सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशनको समग्र जिम्मेवारी निर्वाचन आयोगमा रहेको र आयोगले निर्वाचन सञ्चालनका सबै प्रक्रियामा आयोगको समग्र जिम्मेवारी रहेको प्रति कुनै द्विविधा नरहेको सन्दर्भमा केही सञ्चारमाध्यममा आएका अन्यथा अर्थ लाग्न सक्ने आशयको समाचारप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको जनाउनुभएको छ।

"निर्वाचन पद्धति र प्रक्रियामा भ्रम उत्पन्न हुने खालका समाचार सम्प्रेषण नगर्न नगराउन आयोग आग्रह गर्दछ। तोकिएको जिम्मेवारी समयमै सम्पन्न गर्नका लागि चालिएका कदमउपर अन्यथा टीकाटिप्पणी गरी आयोगको गरिमा र निर्वाचन प्रक्रियाप्रति नै अविश्वास हुने गरी समाचार सम्प्रेषण नगर्न, नगराउन हुन आयोग सबैमा हार्दिक अनुरोध गर्दछ", विज्ञप्तिमा भनिएको छ, "यथासमयमा मतगणना सम्पन्न होस् भन्ने सबैको चाहनालाई विभिन्न मतगणनास्थलमा रहेका राजनीतिक दल, उम्मेदवार, प्रतिनिधि र कर्मचारी वर्गले यथार्थरुपमा ग्रहण गरी उक्त चाहनाबमोजिम छिटो कार्य सम्पादन गराउन आयोग अपिल गर्दछ।"

मतदान सञ्चालनकै क्रममा केही पालिकाका केही केन्द्रमा अनपेक्षित अवस्था सिर्जना भई मतदान स्थगन भएकोमा त्यस उपरान्त विभिन्न मितिमा मतदान कार्य सम्पन्न हुँदै गइरहेको छ। वैशाख ३० गते निर्वाचन सम्पन्न भएका पालिकाको मतगणना कार्य प्रारम्भ भई बुधबार मध्याह्नसम्म चार सय ६० पालिकाको अन्तिम परिणाम प्राप्त भइसकेको र अन्यको परिणाम धमाधम आइरहहेको छ।

परिणाम आउन बाँकी पालिकामा मतगणना कार्य २०७९ जेठ ५ गतेसम्म सम्पन्न गर्न आयोगका तर्फबाट अधिकतम् प्रयास भइरहेको आयोगले जनाएको छ। धेरै मत गणना गर्नुपर्ने अवस्था रहेका महानगर र उपमहानगरपालिकाका हकमा बढीभन्दा बढी मत गणना टोली व्यवस्था गरी तोकिएको समयभित्र मतगणना कार्य सम्पन्न गर्नका लागि यसअघि नै आयोगबाट भएको निर्देशनलाई स्मरण गराउँदै आयोगले विभिन्न कारणबाट मतदान स्थगन भएका पालिकाको हकमा मतदान सम्पन्न भएकै दिन मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भइसकेपछि यथाशीघ्र गणना प्रारम्भ गरी बढीमा पाँच दिनभित्र मतगणना कार्य सम्पन्न गर्न-गराउन भनिएको छ।

आयोगको संवैधानिक जिम्मेवारी एवं निष्पक्ष, विश्वसनीय र मितव्ययीरुपमा निर्वाचन सम्पन्न गराउने दायित्व र जिम्मेवारीलाई पूर्णरुपमा सफल पार्नका लागि सबै राजनीतिक दल, उम्मेदवार, आमसञ्चार जगत्, नागरिक समाजलगायत सबै सरोकारवालाको उत्तिकै साथ र सहयोग अपरिहार्य रहेको विज्ञप्तिमा जनाइएको छ। साथै विज्ञप्तिमा विद्यमान कानुनी व्यवस्थाबमोजिम बहालवाला स्थानीय जनप्रतिनिधिको पदावधि यही जेठ ५ गतेसम्म रहेको र तत्पश्चात स्थानीय सरकारमा जनप्रतिनिधिविहीनता हुने अवस्थालाई मध्यनजर गरी जेठ ५ गतेभित्र नै मतगणना सम्पन्न गरी यथाशीघ्र परिणाम प्रकाशन गरी निर्वाचित जनप्रतिनिधिलाई तत्काल कार्यभार सम्हाल्ने अवस्था निर्माण गर्न सम्भव तुल्याउने मनसायले आयोगबाट निर्देशन भएको उल्लेख गरिएको छ।

## बजेटमा लैङ्गिक उत्तरदायी पक्षलाई महत्व दिन निर्देशन

काठमाडौँ, ४ जेठ (रासस)।

प्रतिनिधिसभा, महिला तथा सामाजिक समितिले आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेटमा लैङ्गिक उत्तरदायी पक्षलाई महत्व दिन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएको छ। समितिको बुधबारको बैठकमा "सरकारको वार्षिक नीति तथा कार्यक्रम एंव बजेटमा लैङ्गिक पक्ष प्रवर्द्धन गर्ने" सम्बन्धमा भएको छलफलपछि सभापति निरुदेवी पालले लैङ्गिक उत्तरदायी बजेट सार्वजनिक खर्च व्यवस्थापनको व्यवस्थापकीय कार्यमा सबै लिङ्गका लागि सार्वजनिक वित्तको वृहत्तर समतामूलक वितरणात्मक कार्य भएको जनाउँदै बजेट विनियोजनमा लैङ्गिक उत्तरदायी पक्षलाई नीतिगत एवं व्यवहारिक रुपमा अधिक महत्व दिन निर्देशन दिनुभयो।

समितिले लैङ्गिक उत्तरदायी बजेटको निम्ति राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै प्रदेश सरकारको गम्भीरतापूर्वक ध्यानाकषर्ण गराउँदै आवश्यक समन्वय गर्न राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई निर्देशन दिएको हो। समितिले महिनावारी हुँदा महिलाहरूले प्रयोग गर्ने प्याडको उत्तम विकल्प र दीर्घकालसम्म पुनः प्रयोग गर्न सकिने सिलिकन कप जस्ता सामग्रीको उपयोगलाई प्रोत्साहन दिने तथा नीति तथा कार्यक्रम अख्तियार गर्न पनि महिला, उद्योग र अर्थ मन्त्रालयलाई निर्देशन दिएको छ। प्याड तथा सिलिकन

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'बजेटको प्राथमिकता कृषिको आधुनिकीकरण र यान्त्रीकरणमा हुनुपर्छ'

काठमाडौँ, ४ जेठ (रासस)।

नेकपा (एकीकृत समाजवादी)का नेता एवं पूर्व प्रधानमन्त्री झलनाथ खनालले गठबन्धन सरकारले संविधानको मर्म र भावनाअनुसार समाजवाद उन्मुख बजेट ल्याउनुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा आव २०७९/०८० का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा भाग लिँदै उहाँले संविधानमा समावेश राज्यका निर्देशक सिद्धान्तका आधारमा आगामी बजेट निर्माण गर्न सुझाव दिनुभयो।

कृषिलाई आधुनिकीकरण, यान्त्रिकीकरण गरेर लैजानुपर्नेमा जोड दिँदै उहाँले खाद्यान्नको आयात न्यूनीकरण गर्न कृषिको उत्पादन बढाउनुपर्ने बताउनुभयो। "अब खेतीयोग्य जग्गा टुक्राटुक्रा पार्ने प्रवृत्ति छ, त्यसलाई रोक्नुपर्छ, किसानलाई उन्नत जातका बीउ र मल उपलब्ध गराउनुपर्छ", उहाँले भन्नुभयो, "कृषि अनुसन्धानका क्षेत्रमा लगानी बढाउनुपर्छ।"

कृषकका उत्पादन बिक्री नभएर किसानले नोक्सानी व्यहोर्नुपर्ने अवस्था आउन नदिन कृषि उत्पादनको न्यूनतम मूल्य तोकिदिनुपर्ने उल्लेख गर्दै उहाँले आगामी आवको बजेटमा कृषिको समर्थन मूल्य तोकिने विषय समावेश गर्न सुझाव दिनुभयो। पूर्वप्रधानमन्त्री खनालले प्रत्येक वडामा कृषि बजारको स्थापना गरेर किसानका उत्पादनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारसँग जोड्ने उपाय अवलम्बन गरिनुपर्ने बताउनुभयो।

मुलुक औद्योगिकीरणको मार्गमा अगाडि बढ्न नसक्दा रोजगारी सिर्जना गर्न नसकिएको भन्दै उहाँले कृषि, पर्यटन, खानी, वन, पानीजन्य उद्योगको विकास गरिनुपर्ने बताउनुभयो। "उद्योगधन्दा विकास गर्न सरकारले ध्यान दिनुपर्छ, २०६२/०६३ को जनक्रान्तिपछि मुलुकमा औद्योगिकीकरण हुनुपर्ने थियो, त्यसो हुन सकेन, अब पनि औद्योगिकीकरणको विषयमा ध्यान नदिने हो भने बजेटको सिद्धान्त र प्राथमिकताका विषयमा छलफल गर्नुको कुनै अर्थ रहँदैन", उहाँले भन्नुभयो।

जलस्रोतको पर्याप्त सम्भावना हुँदाहुँदै पनि सदुपयोग हुन नसकेको भन्दै उहाँले ठूला परियोजना नेपाल आफैँले निर्माण गरेर जानुपर्ने बताउनुभयो। पेट्रोलियम पदार्थको खपत बढ्दै जाँदा मुलुकको व्यापार घाटा चुलिएको जनाउँदै उहाँले पेट्रोलियम यातायातका साधनलाई विद्युतीय साधनका रुपमा रुपान्तरण गर्नसके पेट्रोलियम पदार्थको आयात न्यूनीकरण हुने स्पष्ट पार्नुभयो।

"यातायातका क्षेत्रमा मात्र विद्युत्को प्रयोग गर्न सकेको अवस्थामा वातावरण प्रदूषण कम हुनेछ", पूर्वप्रधानमन्त्री खनालले भन्नुभयो, "घरघरमा विद्युतीय चुलो सञ्चालन गर्ने व्यवस्था गर्न सकिए मात्र पनि मुलुकको व्यापार घाटा कम हुन्छ।" विद्युत्को आन्तरिक खपत बढाउने र बढी भएको विद्युत् मात्र बिक्री गर्ने नीति लिइनुपर्नेमा जोड दिँदै उहाँले विद्युत् प्रशारण लाइनको विस्तारमा सरकारको विशेष ध्यान जान जरुरी रहेको बताउनुभयो।

प्रगतिशील कर प्रणाली लागू गर्न आग्रह गर्दै उहाँले करको दायरा फराकिलो बनाउँदै राजस्व चुहावटमा कडाइ गर्नुपर्ने बताउनुभयो। पूर्वपश्चिम र उत्तरदक्षिण राजमार्गको विस्तारलाई जतिसक्दो चाँडो सम्पन्न गर्नुपर्नेमा जोड दिँदै उहाँले पश्चिममा महाकाली र पूर्वमा मेची कोरिडोर निर्माण गरिनुपर्ने बताउनुभयो। "यो राष्ट्रिय सुरक्षाको हिसाबले पनि आवश्यक छ", उहाँले भन्नुभयो, "महाकाली र मेची कोरिडोरले सीमा सुरक्षालाई सुदृढ गर्छ, आर्थिक तथा पर्यटकीय विकासका लागि पनि सडक सञ्जालको महत्व छ।"

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


### बजेटमा लैङ्गिक ...

कप आयात गर्दा हाल लगाइएको शुल्क दस्तुरमा पुर्नविचार गर्न समितिले निर्देशन गरेको सभापति पालले जानकारी दिनुभयो।

"महिला विकासको लागि विनियोजित हुँदै आएको बजेटलाई लक्षित वर्गसम्म प्रभावकारी रुपमा पुऱ्याइ प्रभावकारी कार्यान्वयन गर्न, नेपाली समाजमा विद्यमान महिला हिंसामा न्यूनीकरण एंव लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको हकअधिकार सुनिश्चितताका कार्यक्रमलाई प्राथमिकता दिन र मातृशिशु न्यूनीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गराउन समिति निर्देश गर्दछ", निर्देशनमा भनिएको छ। सोही अवसरमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्वनाथ पौडेलले महिला महिनावारी हुँदा प्रयोग गरिने प्याडलाई निःशुल्क वितरण गर्ने र सहरमा सार्वजनिक शौचालयको व्यवस्था गर्ने आयोगको लक्ष्य रहेको बताउनुभयो।

महिला आयोगका अध्यक्ष कमला पराजुलीले विकास निर्माण मात्र भन्दा पनि महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमैत्री बजेट ल्याउनुपर्नेमा जोड दिनुभयो।

सांसद नारायण खतिवडा, दुर्गा विक, विमला विक र थममाया थापाले बजेटमा महिलाको विषयलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो।


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### अमेरिकाका एक करोड ३२ लाख बालबालिका कोभिडबाट सङ्क्रमित

लस एन्जलस, ४ जेठ (रासस/सिन्ह्वा)।

अमेरिकामा करिब एक करोड ३२ लाख बालबालिका कोभिड-१९ बाट सङ्क्रमित भएका छन्। यहाँ महामारी सुरु भएदेखि यता एक करोड ३२ लाख बालबालिका कोभिडबाट प्रभावित भएका बताइएको छ।

'अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्स'ले पछिल्लो तथ्यांकअनुसार यहाँका एक करोड ३२ लाख बालबालिका कोभिड-१९ को सङ्क्रमणबाट सङ्क्रमित भएको पाइएको समाचारमा जनाइएको छ।

यहाँ पछिल्लो समयमा बालबालिकामा कोभिडको सङ्क्रमण बढ्दो देखिएको छ। जसअनुसार यहाँ गएको मे १२ सम्मको पछिल्लो हप्तामा मात्र ९३ हजार बालबालिकामा यसको सङ्क्रमण भेटिएको पाइएको हो।

पछिल्लो चार हप्तामा मात्र कम्तीमा पनि दुई लाख ४६ हजार बालबालिकामा कोभिडको सङ्क्रमण बढेको देखिएको छ। अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्सले यहाँ पछिल्ला हप्तामा बालबालिकामा कोभिडको सङ्क्रमण बढ्दै गएको पाइएको बताएको छ।

सो संस्थाले सन् २०२२ मा मा ५३ बालबालिकामा कोभिडको सङ्क्रमण देखिएको जनाएको हो। अमेरिकी सरकारले बालबालिकामा देखिएको कोभिडको सङ्क्रमणलाई कम गर्न विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने गरेको छ।

### भारतीय कांग्रेसको गुजरात प्रदेश अध्यक्ष पटेलद्वारा पार्टी परित्याग

अहमदावाद, ४ जेठ (रासस/एएनआई)।

भारतीय राष्ट्रिय कांग्रेसको गुजरात प्रदेश अध्यक्ष हार्दिक पटेलले पार्टी परित्याग गर्नु भएको छ।

पार्टीको प्रदेश नेतृत्वप्रति केही समयदेखि असन्तुष्टि व्यक्त गर्दै आउनु भएका पटेलले बुधबार पार्टीको जिम्मेबारीबाट राजीनामा दिनुभएको हो।

उहाँले सामाजिक सञ्जाल ट्वीटरमा लेख्नु भएको छ, "मैले आज पार्टीको गुजरात प्रदेश कार्यसमितिको अध्यक्ष र साधारण सदस्यबाट राजीनामा दिएको छु।"

उहाँले आफ्नो निर्णयबाट आफ्ना सबै सहकर्मी, समकक्षी, सुवेच्छुक र गुजरातका जनता खुशी हुने र स्वागत गर्ने विश्वास पनि व्यक्त गर्नु भएको छ।

उहाँको निर्णयबाट पार्टीका पूर्वअध्यक्ष राहुल गान्धीले दुःख व्यक्त गर्नुभएको छ। उहाँले पार्टी र पद् परित्याग गर्ने निर्णय फिर्ता लिएर पार्टीमै रहन पटेललाई आग्रह गर्नु भएको छ।

उहाँले पार्टीका इन्चार्ज र अरु नेतालाई पनि पटेलसँग छलफल गरेर उहाँका असन्तुष्टि सम्बोधन गर्न र बिमती न्युनिकरण गरी विवाद अन्त्य गर्न पनि निर्देशन दिनुभएको छ।

### एक दिनमा एक हजार ५६९ कोरोना सङ्क्रमित

नयाँदिल्ली, ४ जेठ (रासस/सिन्ह्वा)।

भारत २४ घण्टाको समयावधि अर्थात मङ्गलबार मध्यरातिसम्म एक हजार ८२९ व्यक्ति कोरोनाका थप सङ्क्रमति भएपछि यहाँ कूल सङ्क्रमतिको सङ्ख्या चार करोड ३१ लाख २७ हजार १७७ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले बुधबार जानकारी दिएको छ।

यसका साथै २४ घण्टाको समयमा महामारीका कारण थप ३३ को मृत्यु भएपछि देशभर कोरोनाबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या पाँच लाख २४ हजार २९३ पुगेको छ।

यस समयमा भारतमा ७५३ सक्रिय सङ्क्रमित संख्या झरेपछि हाल भारतभरी सक्रिय सङ्क्रमित १५ हजार ६४७ रहेका पनि सो मन्त्रालयले जानकारी दिएको छ।

चौविस घण्टाको समयावधि अर्थात सोमबार मध्यरातिसम्म दुई हजार ५४९ कोरोना निको भएका छन्। यसैसँगै हालसम्म चार करोड २५ लाख ८७ हजार २५९ लाई कोरोना सङ्क्रमण निको भएको छ।

### अमेरिकाको न्युयोर्कमा फेरि बढ्यो महामारी

न्युयोर्क, ४ जेठ (रासस/एएनआई)।

अमेरिकाको न्युयोर्कमा कोरोनाभाइरसको महामारी फेरि बढ्न थालेको छ। अमेरिकाको सबैभन्दा ठूलो सहरको रुपमा रहेको न्युयोर्कमा महामारी फेरि बढ्न थालेपछि सतर्कता पनि बढाइएको छ।

महामारीको "मध्यम खतरा"मा रहेको न्युयोर्क अहिले "उच्च खतरा"मा बर्गिकृत भएको अधिकारीले जनाएका छन्। मध्यम खोजिमको अवस्थामा भने यही मे महिनाको सुरुमै राखिएको थियो।

महामारी बढेपछि स्वास्थ्य सेवामा पनि दवाव सृजना भएको छ। महामारी फैलिएकाले मास्क लगाउने, सेनिटाइजरको प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्नेलगायतका कार्यमा ध्यान दिन पनि स्वास्थ्य अधिकारीले जोड दिएका छन्।

कोरोना महामारी नियन्त्रणसम्वन्धी निर्देशिकाको कडाइका साथ पालना गर्न पनि अधिकारीले आग्रह गरेका छन्। कोरोना सर्ने उच्च खोजिमपूर्ण गतिविधि नगर्न र घर बाहिरका गतिविधि पनि कम गर्न स्वास्थ्यकर्मीले अनुरोध गरेका छन्।

# स्वास्थ्यकर्मीलाई कुटपिट गरे तीन वर्ष कैद वा तीन लाख जरिवाना

काठमाडौँ, ४ जेठ (रासस)।

स्वास्थ्य उपचारको विषयलाई लिएर स्वास्थ्यकर्मी तथा कर्मचारीलाई कुटपिट गरेमा तीन वर्ष जेल वा रु तीन लाख जरिवानाको व्यवस्था गरिएको छ। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले मङ्गलबार सङ्घीय संसद्को प्रतिनिधि सभामा पेश गर्नुभएको "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७९" मा उपचारको विषयलाई लिएर चिकित्सक वा स्वास्थ्यकर्मी वा कर्मचारीलाई कुटपिट गरेमा तीन वर्ष कैद वा तीन लाख जरिवानाको व्यवस्था गरिएको छ।

अध्यादेशमा स्वास्थ्य संस्थामा तोडफोड वा अन्य कुनै कार्य गरी हानीनोक्सानी पुऱ्याए तथा स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्न वा शारीरिक रुपमा चोट पुऱ्याउने काम गरेमा तीन वर्ष कैद वा तीन लाख जरिवाना उल्लेख गरिएको छ। यस्तै स्वास्थ्य संस्थामा आगजनी गरेमा दुई वर्षदेखि पाँच वर्षसम्म कैद वा रु दुई लाखदेखि पाँच लाख जरिवाना अध्यादेशमा तोकिएको छ।

स्वास्थ्य संस्थामा तालाबन्दी गर्न वा घेराउ गरेमा, स्वास्थ्य संस्थामा उपचारका लागि आएका वा उपचाररत बिरामीको उपचार गर्ने कार्यमा कुनै किसिमको बाधा पुऱ्याएमा वा स्वास्थ्यकर्मी तथा कर्मचारीलाई हातपात गर्न, कुनै किसिमको धम्की दिन, गालीगलौज गर्न वा अभद्र वा अपमानजनक व्यवहार गरे एक वर्ष कैद वा रु एक लाख जरिवानाको अध्यादेशमा व्यवस्था गरिएको छ।

राष्ट्रपति विद्यादेवी भण्डारीले वैशाख २५ गते प्रमाणीकरण गर्नुभएको अध्यादेश मङ्गलबार स्वास्थ्यमन्त्री खतिवडाले प्रतिनिधिसभामा पेश गर्नुभएको हो। राष्ट्रपतिले जारी गर्नुभएको उक्त अध्यादेश राजपत्रमा पनि प्रकाशित भइसकेको छ। उपचारका क्रममा बिरामीको मृत्यु भएपछि मृतकका आफन्तले स्वास्थ्यकर्मीमाथि हातपात तथा कुटपिट गर्ने, स्वास्थ्य संस्थामा आगजनी गर्ने जस्ता गतिविधि हुनथालेपछि सरकारले त्यसलाई नियन्त्रण गर्न सो कानुन ल्याएको हो।

# सर्लाहीमा बस दुर्घटना हुँदा एकको मृत्यु, १२ जना घाइते

मलङ्गवा, ४ जेठ (रासस)।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत सर्लाहीको ईश्वरपुर नगरपालिकाको बाँके जङ्गलस्थित सडकखण्डमा यात्रुबस र माछा बोक्ने बलेरो पिकअप ठक्कर खाँदा एकजनाको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन्।

पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको प्र ३-०१-०२५ च ५७४३ नंको पिकअपले बुधबार विपरीत दिशाबाट गइरहेको ना. ५ ख ५५१५ नंको यात्रुबसलाई ठक्कर दिएको सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिनुभयो।

आफ्नै साइडमा गुडिरहेको बसलाई तीव्र गतिको पिकअपले ठक्कर दिएको र पिकअपबाट जोगिन खोज्दा यात्रुबस पल्टिएको हो। बसले च्यापिएर सहचालक सुनसरीको इटहरी उपमहानगरपालिका-४ निवासी ३७ वर्षीय भीम राजवंशीको मृत्यु भएको प्रहरीले जनाएको छ।

बसका चालक विदुर निरौलासहित १२ जना घाइते भएको र एकजनाको अवस्था गम्भीर रहेको सर्लाही प्रहरीले जनाएको छ। घाइतेहरुको लालबन्दी मोडेल अस्पतालमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय केशरगञ्जले जनाएको छ।


## चट्याङको समयमा सतर्क रहौं ।

### चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने,

नेपाल सरकार
विज्ञापन बोर्ड


# २१ वर्षीय उम्मेदवार गाउँपालिका अध्यक्षमा निर्वाचित

वीरगञ्ज, ४ जेठ (रासस)।

पर्साको कालिकामाई गाउँपालिकामा पर्सा जिल्लाका उम्मेदवारमध्ये सबैभन्दा कान्छो उम्मेदवार २१ वर्षीय वशिष्टकुमार गुप्ता गाउँपालिकाको अध्यक्षमा निर्वाचित हुनुभएको छ।

जनता समाजवादी पार्टीबाट कालिकामाई गाउँपालिकाको अध्यक्ष पदका उम्मेदवार रहनुभएका गुप्ता आफ्ना प्रतिद्वन्द्वी कांग्रेसका उम्मेदवार अजय पटेललाई ११७ मत अन्तरले पराजित गरी निर्वाचित हुनुभएको हो।

यसैगरी कालिकामाई गाउँपालिकामा जनता समाजवादी पार्टीबाट उपाध्यक्षकी उम्मेदवार सहानी खातुनलाई १११ मत अन्तरले पराजित गरी नेपाली कांग्रेसकी राजमतीदेवी बरैनी निर्वाचित हुनुभएको छ। पाँचवटा वडा रहेको उक्त गाउँपालिका तीन वटा वडाध्यक्ष जनता समाजवादी पार्टी (जसपा), एउटामा नेकपा एमाले र एउटामा कांग्रेसले जितेको छ।

### राजविराजमा जसपा ...

जसपाले राजविराज वडा नं. १, २, ३, ४, ५, ११ र १६ मा जित हात पारेको हो। त्यस्तै लोसपाले वडा नं. ६ र १५ मा तथा नेकपा एस, राप्रपा र नेकपा एमाले क्रमशः वडा नं. १२, १३ र १४ मा जित हासिल गरेको छ।

राजविराज वडा नं. १ मा जसपाका चन्द्रशेखर चौधरीले ८ सय ३६ मत, वडा नं. २ मा अरुणकुमार यादवले ६ सय ६५ मत, वडा नं. ३ मा अनिल दास (गुडु) ले ३ सय ३७ मत, वडा नं. ४ मा दिनेश साह कसेराले ३ सय ११ मत, वडा नं. ५ मा बन्धु दासले ३ सय ९७ मत, वडा नं. ११ मा उदित नारायण यादव तथा वडा नं. १६ मा रामएकवाल यादवले ३ सय ३८ मत प्राप्त गरि निर्वाचित भएका छन्।

यसैगरि वडा नं. ६ मा लोसपाका शशी चौधरी र वडा नं. १५ मा ओमनारायण साहले ४ सय ६४ मत प्राप्त गरि निर्वाचित भए।

यस्तै वडा नं. १२ मा नेकपा एसबाट रामचन्द्र यादव, वडा नं. १३ मा राप्रपाबाट त्रिलोकीनाथ चौधरी, १४ मा नेकपा एमालेका जगदीश मण्डलले २ सय ४१ मत प्राप्त गरि बिजयी भए।

निर्वाचित वडा अध्यक्ष मध्ये वडा नं. १ का चन्द्रशेखर चौधरी र वडा न.. २ का अरुणकुमार यादव लगातार दोश्रो पटक निर्वाचित भएका हुन्।

### सप्तरीमा नतिजा ...

२०७४ को निर्वाचनमा जितेर यस पल्ट पुनः दोहोरीने प्रयास गरेका अहिले सम्म घोषित परिणाम अनुसार ती सबै पराजित भएका छन्। पराजित हुनेहरुमा हनुमाननगर कंकालिनी नगरपालिकाका निर्वतमान प्रमुख शैलेश साह, सप्तकोशी नगरपालिकाका निर्वतमान प्रमुख उत्तम गौतम, अग्नीसाइर कृष्णासवरण गाउँपालिकाका निर्वतमान अध्यक्ष परशुराम चौधरी, तिरहुत गाउँपालिकाका निर्वतमान अध्यक्ष मनोज बहरखेर, बलानबिहुलका निर्वतमान अध्यक्ष दयानन्द गोइत र राजगढ गाउँपालिकाका निर्वतमान अध्यक्ष परामानन्द यादव पनि पराजित भएका छन्।

मतगणना जारी रहेका अन्य अधिकाँश स्थानीयतहमा पनि निर्वतमान प्रमुख र उपप्रमुखका लागी पुनः कूर्सिमा पुग्नु चुनौतीपुर्ण देखिएको छ। यद्दपी वडा अध्यक्ष पदमा भने केहीले मात्र जित दोहराएका छन्।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*